नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा विभाग**
(लैङ्गिक समता विकास शाखा)
सानोठिमी, भक्तपुर

प.स.: ०७४-७५
च.न.: २०

फोन नं :
फयाक्स : ०१-६६३१९७२
मिति : २०७५।०३।२०

**विषय : विपन्न लक्षित छात्रवृत्ति अन्तर्गतको कक्षा ८ मा छनौट भई कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको छात्रवृत्ति रकम निकासा सम्बन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय एकाई ।

(भोजपुर, खोटाङ, सिरहा, सिन्धुली, रामेछाप, रौतहट, गोरखा, तनहुँ, बाग्लुङ, कपिलवस्तु, अर्घाखाँची, प्युठान, रोल्पा, रुकुम, बर्दिया, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, अछाम र कैलाली)

प्रस्तुत विषयमा यस आ.व.बाट माथि उल्लेख भएका पच्चिस जिल्लाहरुको माध्यमिक तहको कक्षा ९ र कक्षा ११ को लागि विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन गरिएको व्यहोरा अवगत नै होला । सो कार्य अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विद्यार्थी वित्तिय सहयोग कोष विकास समिति विच समझदारी भई विद्यार्थी छनौटको कार्य विद्यार्थी वित्तिय सहयोग कोष विकास समिति मार्फत भई सकेको र कक्षा ११ मा छनौट भएका विपन्न विद्यार्थीहरुको लागि निजको नाममा बैंक खाता सञ्चालन गर्ने कार्य भई उक्त खातामा रकम निकासाको प्रक्रिया शुरु भई सकेको व्यहोरा जानकारी गराईन्छ । साथै सामुदायिक विद्यालयको कक्षा ८ मा छनौट भई कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थीहरुको पनि छनौट भई खाता सञ्चालन गर्ने काम धमाधम भईरहेको सन्दर्भमा जुन जिल्लाहरुमा कक्षा ९ मा अध्ययन गर्ने विपन्न लक्षित विद्यार्थीको लागि छात्रवृत्तिको लागि वजेट विनियोजन भएको छ उक्त जिल्लाहरुले विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७४ मा उल्लेख भएको व्यवस्था अनुसार उपलब्ध वजेटको आधारमा तोकिएको रकम निज विद्यार्थीहरुको बैंक खाता तथा निज विद्यार्थी कक्षा ९ मा सामुदायिक विद्यालयमा भर्ना भई अध्ययन गरेको एकिन गरी जम्मा गर्ने व्यवस्था हुन अनुरोध छ । साथै छात्रवृत्ति रकम विद्यार्थीको खातामा निकासा गरेपछि कुन विद्यार्थीको लागि कति रकम निकासा गरिएको हो सो सम्बन्धमा विद्यार्थीको नाम, बैंक खाता, अध्ययनरत कक्षा र सामुदायिक विद्यालयको नाम र ठेगाना समेत खुल्ने विवरण तयार गरी यथाशक्य छिटो यस विभागमा आइपुग्ने व्यवस्था गर्नुहुन अनुरोध छ । साथै छनौट भएका विद्यार्थीहरुको प्रमाणित विवरण विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिको वेवसाइटमा रहेको व्यहोरा समेत निर्देशानुसार अनुरोध छ ।

०७५।३।२०

बसन्तप्रसाद कोइराला
(उपनिर्देशक)

बोधार्थ :

क) श्री विद्यार्थी वित्तिय सहयोग कोष विकास समिति, तिनकुने काठमाण्डौ :

कक्षा ८ तथा कक्षा ११ मा छनौट भएका विद्यार्थीहरुको प्रमाणित विवरण वेवसाइटमा राख्ने व्यवस्था हुन अनुरोध छ ।